बाल सन्दर्भसामग्री

बालबोध - ३४

# ताराबाजी लै लै

(बालकविता सङ्ग्रह)



891.4951
SAR-t
2059 c.1

बाल सन्दर्भसामग्री

बालबोध - ३४

891.4951
SHR-T
2059

# ताराबाजी लै ! लै !!

(बालकविता सङ्ग्रह)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**लेखन :**
- सिद्धिचरण श्रेष्ठ
- कृष्णप्रसाद पराजुली
- दुर्गालाल श्रेष्ठ
- क्षेत्रप्रताप अधिकारी
- दैवज्ञराज न्यौपाने
- रामवावु सुवेदी
- बुँद राना
- प्रभा भट्टराई
- प्रमोद प्रधान
- रमेशचन्द्र घिमिरे
- बलभद्र भारती
- रामेश्वर राउत 'मातृदास'

**सम्पादन :** रामवावु सुवेदी

**चित्राङ्कन :** राजुवावु शाक्य

**आवरणविन्यास :** गौतम मानन्धर

**रूपविन्यास :** नबीन्द्र राजभण्डारी

**सामग्री विकास संयोजन :** हर्कप्रसाद श्रेष्ठ

Ac. 10481

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०५९ साल

छपाइ प्रति : २८,०००

मुद्रण : एपोलो अफसेट प्रेस, काठमाडौं

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये बाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकबाट प्राप्त हुन नसकेका पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्ततः व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भइ सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि वढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठयपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठन प्रवृत्ति पनि बढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई वढाई विद्यार्थीहरूलाई विद्याव्यसनी बनाउन सकोस् र हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गमा हेर्ने बानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित बनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न अठ्ठाईस शीर्षकका सामग्री प्रकाशित भइसकेका छन् । यस वर्षका दस शीर्षक समेत अब तीन दर्जन भन्दा बढी शीर्षकमा साग्रीको प्रकाशन भएको छ । सामग्रीमा सामान्यतया कथा, कविता, जीवनी जस्ता विधाको समावेश भए पनि विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त बनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्बाट सल्लाह र सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी,भक्तपुर

२०५९

# विषयक्रम


| | | | |
|---|---|---|---|
| ०१. | तकिया | सिद्धिचरण श्रेष्ठ | १ |
| ०२. | जून झुल्की आयो | कृष्णप्रसाद पराजुली | २ |
| ०३. | आमा | दुर्गालाल श्रेष्ठ | ३ |
| ०४. | फूल | क्षेत्रप्रताप अधिकारी | ४ |
| ०५. | भट्भट्भट् | रामबाबु सुवेदी | ५ |
| ०६. | बबो बाँ ! | दैवज्ञराज न्यौपाने | ६ |
| ०७. | आछुछुछु जाडो ! | बुँद राना | ७ |
| ०८. | कसौंडीको भात | रामबाबु सुवेदी | ८ |
| ०९. | ह्याङ्की रुमाल | दुर्गालाल श्रेष्ठ | ९ |
| १०. | अर्ती | क्षेत्रप्रताप अधिकारी | १० |
| ११. | बादल कालो | रामबाबु सुवेदी | ११ |
| १२. | मेरो सानो मुरली | दैवज्ञराज न्यौपाने | १२ |
| १३. | मेरी पुतली | प्रभा भट्टराई | १३ |
| १४. | चल्चल् साइकल ! | रामबाबु सुवेदी | १४ |
| १५. | आज हाम्रो छुट्टी | कृष्णप्रसाद पराजुली | १५ |
| १६. | कपासको खेती | प्रमोद प्रधान | १६ |

| | | | |
|---|---|---|---|
| १७. | ए काग ! | रामबाबु सुवेदी | १७ |
| १८. | जूनकिरी | दैवज्ञराज न्यौपाने | १८ |
| १९. | राम्रो नराम्रो | सङ्कलन, बालपोष | १९ |
| २०. | झनै मीठो खुई | रामबाबु सुवेदी | २० |
| २१. | देश | क्षेत्रप्रताप अधिकारी | २१ |
| २२. | को छ मेरो जोडा ! | बुँद राना | २२ |
| २३. | जाँतो हरायो | रामबाबु सुवेदी | २३ |
| २४. | नानीको बानी | क्षेत्रप्रताप अधिकारी | २४ |
| २५. | सुरी म्याउँ | प्रभा भट्टराई | २५ |
| २६. | छट्टू स्याल | रामबाबु सुवेदी | २६ |
| २७. | चरी आयो कोकले | दैवज्ञराज न्यौपाने | २७ |
| २८. | राम्रै-राम्रो | रमेशचन्द्र घिमिरे | २८ |
| २९. | सक्कली जुत्ता | रामबाबु सुवेदी | २९ |
| ३०. | रमाइलो शरद् | बलभद्र भारती | ३० |
| ३१. | सिकारु छौं हामी | रामेश्वर राउत 'मातृदास' | ३१ |
| ३२. | ताराबाजी लै ! लै ! | रामबाबु सुवेदी | ३२ |
| ३३. | कठिन शब्दका अर्थ | | ३३ |

# तकिया

- *सिद्धिचरण श्रेष्ठ*




डसनाको शिर समाती
मेरो सानो खटियामाथि
सुत्दछ मसँगै राती
तकिया मेरो साथी ।

आलस्यलाई मार्न
ताजापन उमार्न
आराम दिन्छ नमाती
तकिया मेरो साथी ।

नरम कपास भरेको
फूलका बुट्टा जडेको
यसको कोमल छाती
तकिया मेरो साथी ।

# जून झुल्की आयो

- कृष्णप्रसाद पराजुली



जून झुल्की आयो
आँगनीमा फेरि
खेलूँ-खेलूँ लाग्यो
जूनैलाई हेरी ।

रात राम्रो आम्मै !
उज्यालोमा झुल्दा
छोपूँ-छोपूँ लाग्छ
आँखासामु खुल्दा ।

जून मुस्कुरायो
आँगनीमा फेरि
नाचूँ-नाचूँ लाग्यो
जूनैलाई हेरी ।

# आमा

- दुर्गालाल श्रेष्ठ

संसारमा भए पनि
ठूला-ठूला देश
सबभन्दा ठूलो आमा !
तिम्रो काखै रे' छ ।



ठूला-ठूला द्यौतीमाता
भए नि अनेक
ठूलीभन्दा ठूली द्यौती
तिमी मात्रै एक ।


गाउनेले जति गाओस्
अमृत नै घोली
आमा ! मलाई मीठो तिम्रो
'नानी' भन्ने बोली ।

# फूल

- क्षेत्रप्रताप अधिकारी

वनमा फूल्यो फूल
मनमा फूल्यो देश
वनको फूल झर्छ
मनकै फूल वेश ।

तिमी फुल जाई
म फुल्छु जुही
हाम्रो माटो उही
फूल मात्र दुई ।




# भट्भट्भट् !

- रामबाबु सुवेदी


भट्भटे आयो भट्भट्भट् !
ए ! गोज्याङ्ग्रा बाटो हट् !
किन गर्छस् तँ खटपट !
पुग्नु छ टाढा म झटपट ।

ढुङ्गामुढा कट्कट्कट्
लतपत-लतपत हिले पथ
धत् के भा'को ! गियर चट् !
छिनमै फेरि भट्भट्भट् ।



# बबो बाँ !

*- दैवज्ञराज न्यौपाने*




बबो बाँ ! बुबु देऊ
हामीलाई बुबु देऊ
मीठो घाँस दिउँला
धेरैधेरै बुबु देऊ ।

बबो बाँकी छोरीको
नाउँ निनी रहेछ
वरपर दगुरी
खेल्ने बानी रहेछ ।




हामी पनि रमाई
खेल्न आयौं मिलेर
बबो बाँकी छोरीको
नाउँ 'निनी' सुनेर ।



# आछुछुछु जाडो !

- बुँद राना



आछुछुछु जाडो !
आछुछुछु जाडो !
थरर काम्यो बाच्छो
थुरुरु काम्यो पाडो
आछुछुछु जाडो !
आछुछुछु जाडो !

बटुलेर झासझुस
पुस जान्छ फासफुस
माघले पो मच्चाउँछ
निकै ठूलो राडो
आछुछुछु जाडो !
आछुछुछु जाडो !



# कसौँडीको भात

- रामबाबु सुवेदी



कसौँडीको भात
सिता खातैखात
त्यो खातलाई पस्कने
पनियाको पात ।

कसौँडीको भात
सिता खातैखात
भात खाने बेलामा
धुनुपर्छ हात ।

कसौँडीको भात
सिता खातैखात
खाना खाने बेलामा
मार्नुहुन्न बात ।



# ह्याङ्की रुमाल

- दुर्गालाल श्रेष्ठ



हेर्नुहोस् न मम्मी, मेरो
ह्याङ्की रुमाल
यस्तो पनि हुँदोरे' छ
कस्तो कमाल !

स्कुल जाँदा सेतो थियो
फर्की आउँदा खैरो
के भयो खै, कुन्नि कता !
गयो क्यारे पैरो !
घरिघरि घोच्दो छ यो
कस्तो सबाल !

छेउ लागी हिँडे पनि
बाटैभरि धुलो
जत्ति मुख पुछे पनि
हावाभरि धुलो
यो रुमाल हेर्दै मेरो
खायो कपाल ।

# अर्ती

- क्षेत्रप्रताप अधिकारी

धेरै पढ्नुपर्छ
थोरै खेल्नुपर्छ
उल्टो भयो भने
दुःख झेल्नुपर्छ ।

यसको माया गर
त्यसको माया गर
सबैभन्दा बढी
देशको माया गर ।


तिम्रो बुबा राम्रो
तिम्री आमा राम्री
सबैभन्दा राम्री
नेपाल आमा हाम्री ।



# बादल कालो

- रामबाबु सुवेदी

बादल कालो
पानीको जालो
जालो फररर
पानी दररर ।



बादल कालो
पानीको टालो
टालो धररर
पानी दररर ।

बादल कालो
पानीको डालो
डालो थररर
पानी दररर ।

# मेरो सानो मुरली

- दैवज्ञराज न्यौपाने

मेरो सानो मुरली
कति राम्रो सुरली
तिरिरी र टिरिरी
बज्छ मेरो मुरली ।

मनको भाका उराली
मनकै ताल सुरली
सुखदु:ख पिरली
बज्छ मेरो मुरली ।

मेरो सानो मुरली
मेरो सानो मुरली ।



# मेरी पुतली

*- प्रभा भट्टराई*

आजभोलि सार न
बनेकी छे नक्कली
जामा लाउँछु भन्दै छे
आमा ! मेरी पुतली ।

नाडी राम्रा बालाले
खुट्टा राम्रा कल्लीले
बाबा ! चाचा ल्याइदिनोस् !
दिक्कै पारी डल्लीले ।

निधारमा टिकिया
अँखियामा गाजलु
नाच्छु भन्छे नक्कली
बजाइदे भाइ मादलु !

लाउन मन लाग्यो रे
उल्लाई पोते तिलरी
बिहे गर्छु भन्दै छे
लौन ! मेरी पुतली ।



# चल्चल् साइकल !

-रामबाबु सुवेदी

चल्चल् साइकल !
चल्चल्चल् !
म खुट्टाले
दिन्छु बल ।



साइकलमाथि
मै फुच्ची
पैदल हिँड्दा
भुइँफुट्टी ।

आयो ! आयो !
फोहोर ढल
ढलपल-ढलपल
ए ! नढल् !

# आज हाम्रो छुट्टी

- कृष्णप्रसाद पराजुली




आज हाम्रो छुट्टी
खाने मकै भुट्टी
दरिला छन् खुट्टी
चाहिन्न है लठ्ठी ।

खेल्ने बेला हाम्रो
नाचौं अझै राम्रो
कोही स्वर चर्काऊ
कोही आङ मर्काऊ
डर छैन फुट्टी
आज हाम्रो छुट्टी ।



# कपासको खेती

– प्रमोद प्रधान



आकाशमा कसले गर्छ,
कपासको खेती !
जाऔँ हामी सोधी आऔँ
उसैलाई भेटी ।


बोट छैन, न बिरुवा,
फुल्छ ढकमक्क
जल मल चाहिँदैन
पार्छ सधैँ छक्क ।



बतासलाई पछ्याउँछ
बनी केटाकेटी
आकाशमा कसले गर्छ,
कपासको खेती !

# ए ! काग !

- रामबाबु सुवेदी



काग करायो
का ! का !!
कस्तो खल्लो
भाका !

मीठो भाका
कता गो !
कानको जाली
फुट्ने भो ।

ए ! काग !
घाँटी खोल् !
मीठो बोल् !
मीठो बोल् !!

# जूनकिरी

- दैवज्ञराज न्यौपाने


पिलपिल गर्ने जूनकिरी म
उज्यालाकी छोरी
खेल्दै आएँ आँगनीमा
काला केश कोरी ।

सानासाना पङ्ख मेरा
सानै छ यो जीउ
अँधेरीमा निस्की आएँ
उजेलीकी बीउ ।



# राम्रो नराम्रो

*- सङ्कलन, बालपोष*




क ख ग घ, ए बी सी डी
लेख्ने बानी राम्रो
रिसाउने, कराउने,
रुने बानी नराम्रो ।



खाजा खाने बानी राम्रो
भोकै बस्ने नराम्रो
कोचीकोची धेरै खाने
बानी पनि नराम्रो ।



स्कुल जाने बानी राम्रो
'जान्नँ' भन्ने नराम्रो
खेल्ने बानी पनि राम्रो
धेरै खेल्ने नराम्रो ।

# झनै मीठो खुई

- रामबाबु सुवेदी



नचलाऊ फुई
आऊ छोरी बुई
छोरीलाई बोक्दा
मीठो हुन्छ खुई ।

हुरी हुई-हुई !
आऊ छोरा बुई !
छोरालाई बोक्दा
मीठो हुन्छ खुई ।



छोरा-छोरी दुई
दुवै मेरा बुई
दुवैलाई बोक्दा
झनै मीठो खुई ।

# देश

1045

- क्षेत्रप्रताप अधिकारी

देश भनेको कस्तो हुन्छ ?
हाम्री आमाजस्तो हुन्छ ।

देशको माया कस्तो हुन्छ ?
दूधजस्तै मीठो हुन्छ ।

देशलाई केके गर्नुपर्छ ?
धेरै माया गर्नुपर्छ ।



# को छ मेरो जोडा !

- बुँद राना

तबेलामा घोडा भए
घोडा चढी आउँथेँ
हात्तीसारमा हात्ती भए
हात्ती चढी आउँथेँ ।




हात्ती लग्यो माउतेले
सइसले घोडा
दौडीदौडी आएँ म त
को छ मेरो जोडा !

# जाँतो हरायो

- रामबाबु सुवेदी

मेरो जाँतो हरायो
हातो हरायो
ठूलो मेसिन करायो
भाइ डरायो ।

पानीघट्ट गएर
मकै पिधौँ कि !
जाँतो कता हरायो !
भन्दै हिँडौँ कि !




दोधारमा परेँ म
हेर साथी हो !
यौटा जाँतो घरमा
हुनु जाती हो ।

# नानीको बानी

- क्षेत्रप्रताप अधिकारी

हिमालको हिउँ राम्रो
हिमालको पानी राम्रो
हिउँ-पानी माया गर्ने
यो नानीको बानी राम्रो ।

नेपालको ढुङ्गो राम्रो
नेपालको माटो राम्रो
ढुङ्गो-माटो माया गर्ने
यो नानीको बानी राम्रो ।



# सुरी म्याउँ

- प्रभा भट्टराई

सुरी म्याउँ ! सुरी म्याउँ !
बाघको भाइ ।
मोटएछस् कस्तरी !
बुबु चोरी खाई ।

निस्तै माम खानुपर्ने
जैले नि मलाई ।
मेरो भाग चोर्छस् काले !
कुटूँ कि तँलाई !



# छट्टू स्याल

- रामबाबु सुवेदी




छट्टू स्याल
चढ्छ झ्याल
खोरमा पाठी
काढ्छ र्‍याल ।



छट्टू स्याल
कुद्छ फाल
बुङ्ग लड्छ
चाट्छ नाल ।

छट्टू स्याल
ठोक्छ थाल
आफैँ डाक्छ
आफ्नो काल ।




# चरी आयो कोकले

- दैवज्ञराज न्यौपाने

चरी आयो कोकले
भाइ रोयो भोकले
बुबुमाम सुपुक्क
खाई सुत्छ लुपुक्क ।




निदरीले लोलाउँछिन्
सपनीमा बोलाउँछिन्
मेरो भाइ सानु छ
मैले पढ्न जानु छ ।




# राम्रै-राम्रो

– रमेशचन्द्र घिमिरे

पहाड जति राम्रो लाग्छ
तराई त्यति राम्रो
बाह्रै महिना हिउँ पर्ने
हिमाल कति राम्रो ।



किन किन लाग्छ मलाई
आफ्नै गाउँ राम्रो
जन्मिएको हुर्किएको
आफ्नै ठाउँ राम्रो ।



# सक्कली जुत्ता

- रामबाबु सुवेदी



जुत्ता सिउने श्यामे दाइ
कति अक्कली !
मैले जुत्ता भेट्टाएँ
आज सक्कली ।

आफ्नो बाटो हिँड्दछु
अब सुक्खले
काँडामाथि दौडन्छु
अब ढुक्कले ।



# रमाइलो शरद

*- बलभद्र भारती*

सप्तरङ्गी इन्द्रेनीमा
सप्तरङ्गी धर्का
रमाइलो शरद् आयो
गयो अब बर्खा ।

हेर साथी ! कति राम्रो !
धरती यो सारा
फूलैफूल धरतीमा
आकाशमा तारा ।



# सिकारु छौं हामी


*- रामेश्वर राउत 'मातृदास'*



अक्षर लेख्छौं किरिङमिरिङ
सिकारु छौं हामी
सिक्दा-सिक्दै बुझ्दा-बुझ्दै
हामी बन्छौं नामी ।

नमस्कार गर्छौं हामी
बाटो देखाउनेलाई
हाम्रा हात समातेर
अक्षर लेखाउनेलाई ।





# तारावाजी लै ! लै !

- *रामबाबु सुबेदी*




तारावाजी लै ! लै !
मेरो किताब खै !
पढ्ने काम सकेर
खेल्न जान्छु है !

तारावाजी लै ! लै !
मेरो कलम खै !
लेख्ने काम सकेर
खेल्न जान्छु है !



तारावाजी लै ! लै !
खुदोखट्टे खै !
मीठो खाजा खाएर
खेल्न जान्छु है !

# कठिन शब्दका अर्थ

अँखिया = आँखा

अँधेरी = अँध्यारो, कालो

अक्कली = सिपालु, अक्कल भएको

अक्षर = वर्ण

अर्ती = उपदेश

आँगनी = आँगन

आकाश = नभ, गगन

आलस्य = अल्छीपना

इन्द्रेनी = इन्द्रधनु, इन्द्रेणी

उजेली = जून लागेको

उराल्नु = ठूलो बनाउनु

उल्टो = बिब्ल्याँटो, सुल्टोको विपरीत

कपाल खानु = टाउको दुखाउनु

कपास = सेतो भुवा निस्कने वनस्पति

कमाल = चमत्कार

कराउनु = ठूलो स्वरले बोल्नु

कल्ली = गोडामा लगाउने गहना

कसौंडी = भात पकाउने भाँडो

कस्तरी = कसरी

काँडो = घोच्ने ससाना सुइरा भएको

काल = मृत्यु, समय

किरिङमिरिङ = टेढोमेढो

कुट्नु = पिट्नु

केश = कपाल

कोर्नु = काँगियोले कपाल मिलाउनु

खटपट = ठाकठुक, भनाभन

खट्टे = चामल भुटेर बनाएको खाने कुरो

खल्लो = वेस्वादको

खाजा = दिउँसोको खाने कुरा

खातैखात = चाङ, रास

खुई = सुस्केरा

खुट्टी = साना गोडा

खुँदो = उखुको लेदिलो वाक्लो रस

गाजल = आँखाका डिलमा लगाउने कालो लेदो

गो = गयो

गोज्याङ्ग्रो = लठेब्रो, ग्वाँजे

घाँटी खोल्नु = गलो सफा गर्नु

घोल्नु = मिसाउनु, छ्यासमिस पार्नु

छट्टू = धूर्त

चर्काउनु = ठूलो बनाउनु

चाचा = खेलौना, गहना

छक्क = उदेक

छुट्टी = बिदा

जल = पानी

जाँतो = अन्न पिन्ने ढुङ्गाको यन्त्र, साधन

जाई = एक किसिमको फूल

जाती = असल

जामा = फ्रक, केटीको लुगा

जालो = जाल, सेतो वा रङ्गीन पर्दा

जीउ = ज्यान, शरीर

जुही = एक किसिमको फूल

जूनकिरी = मिलिक-मिलिक बल्ने किरो

जोडा = बराबरको, उस्तै किसिमको

झटपट = छिटै

झनै = अझै

झासझुस = झारपात

झेल्नु = दु:ख काट्नु

झ्याल = भित्तामा टाँसिएको हावा र उज्यालो छिर्ने द्वार

टालो = प्वाल छोप्ने कपडाको टुक्रो

टिकिया = सानो टीका

डल्ली = पुड्की

डालो = चोयाको भाँडो

ढकमक्क फुल्नु = भरिभराउ भएर पुल्नु

ढलपल = लड्नलड्न खोजेझैँ गरी

ढल्नु = लड्नु

ढुक्क = निर्धक्क

तबेला = घोडा बाँध्ने ठाउँ

तराई = पहाडमुनिको समतल भूमि

ताजापन = भरखर टिपेर ल्याएजस्तो, न झिल्सिएको

ताराबाजी = थपरी मारेर खेलिने केटाकेटीको खेल

तिलरी = तिलहरी, गलामा पहिरिने गहना

थाल = खाना खाने भाँडो

दिक्क = खिन्न

देश = राष्ट्र

दोधार = दोमन

द्यौतीमाता = ईश्वरी

धत् = तिरस्कार बुझाउने शब्द

धरती = पृथिवी

धर्को = धर्सो, रेखां, डोरो

नक्कली = नक्कल गर्ने, बनावटी

नरम = कोमल

नाडी = नारी

नामी = नाम चलेको

नाल = फोहोर पानी बग्ने ठाउँ

निदरी = निद्रा

निनी = बाच्छी

निस्तो = दाल, तरकारी, अचार केही नभएको, फुको

पङ्ख = पखेटा, प्वाँख

पछ्याउनु = पछि लाग्नु

पथ = बाटो

पनियो = पनिउँ, भात पस्कने साधन

पानीघट्ट = पानीले चल्ने घट्ट, साधन

पिलपिल = मधुरोसँग बल्ने किसिम, रुनरुन लागेको अवस्था

पैरो = पहिरो, पहाड भत्केर ढुङ्गो र माटो थुप्रनु

पोते = टल्कने माला

फासफुस = फास्स न फुस्स, केही नहुनु

फुई = आगो

फुच्ची = होचो, ज्यादै सानी

बतास = हावा

बबो बाँ = गाई

बल = शक्ति

बात = कुरा

बानी = आदत


बालो = नाडीमा लगाउने गहना

बिरुवा = कलिलो बोट

बीउ = बीज
बुई = केटाकेटीलाई पीठमा बोक्ने काम
बुङ्ग = लड्ने किसिम
बुट्टा = कागज, कपडा आदिमा भरिने आकार
बुबु = दूध
बेश = असल
बोट = रूख
भाका = स्वर
भुइँफुट्टी = ज्यादै होची
भुट्टी = भुटेर
भो = भयो
मकै = अन्न विशेष
मल = बोटविरुवामा राखिने मलिलो पदार्थ
मम्मी = आमा
मर्काउनु = भाँच्नु
माउते = हात्ती हाँक्ने मानिस
मादल = एक किसिमको बाजा
माम = भात
मुस्कुराउनु = मुसुक्क हाँस्नु
मेसिन = यन्त्र
राडो = रडाको
लट्ठी = लौरो
लोलाउनु = आँखा लट्ठ पार्नु, झकाउनु

Ac. 1045 (c)

# विचार पुऱ्याऔं है




सडकमा नखेलौं ।





ट्राफिक चिन्हहरू भत्काउन/बिगार्न हुँदैन ।





निर्माणस्थलमा नझुम्मिऔं ।




सुरक्षित भएर हिँडौं ।




ट्राफिक चिन्हहरू सडक प्रयोगकर्ताहरूकै सुरक्षाका लागि राखिएका हुन् ।




निर्माणस्थलबाट टाढा रही सुरक्षित रहौं ।

**सडक हाम्रै सम्पत्ति हो, यसको ठीक प्रयोग गरौं ।**

श्री ५ को सरकार/जापानी सहायता नियोग • ट्राफिक इन्जिनियरिङ तथा सुरक्षा एकाइ/सडक विभाग • नीप्पन को.ई./हाजामा-ताइशि जे.भी.

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
२०५९